This Question Paper consists of 31 questions and 8 printed pages.

Roll No. | | | | | | | | | | | | | Code No. 54/AS/4/N

Set - **A**

# NEPALI
# नेपाली
# (231)

**Day and Date of Examination** ____________________

**Signature of Invigilators** 1. ____________________

2. ____________________

**सामान्य अनुदेश :**

1 परीक्षार्थीले आफ्नो रोल नम्बर प्रश्न–पत्रको प्रथम पृष्ठमा लेख्नु पर्नेछ ।

2 प्रश्न–पत्रको कुल पृष्ठ संख्या र कुल प्रश्न संख्या प्रश्न–पत्रको प्रथम पृष्ठको माथिल्लो कुनामा लेखिएको छ। प्रश्न–पत्रको पृष्ठ संख्या पूरा छ या छैन जाँच्नको निम्ति कृपया त्यस संख्यासँग दाजेर हेर्नोस। प्रश्न अनुवर्ती क्रममा छ/छैन त्यो पनि जाँच्न आवश्यक छ ।

3 वस्तुनिष्ठ प्रश्नहरूका दिइएको चार विकल्पहरू (A), (B), (C) अथवा (D) देखि कुनै एउटामा दिइएको उत्तर–पुस्तिकामा चिह्नित गर्नोस् ।

4 वस्तुनिष्ठ प्रश्नहरूसँग सबै प्रश्नहरूका उत्तर निर्धारित समयमा लेख्नु पर्नेछ अनि वस्तुनिष्ठ प्रश्नहरूका उत्तरलाई कुनै अतिरिक्त समय–सीमा निश्चित छैन ।

5 उत्तर–पुस्तिकामा परिचयको कुनै चिह्न बनाइएको अथवा निर्दिष्ट स्थान वाहेक अन्य कुनै पनि ठाउँमा रोल नम्बर लेखिएको पाइए, परीक्षार्थीलाई अयोग्य ठहराइन्छ ।

6 उत्तर–पुस्तिकामा आफ्नो प्रश्न–पत्रको कोड नं. **54/AS/4/N-A** लेख्नुहोस् ।

# NEPALI

## नेपाली

## (231)

समय : 3 घण्टा | पूर्णाङ्क : 100

---

निर्देश :

1 **सबै** प्रश्नको उत्तर अनिवार्य छ ।

2 **सबै** प्रश्नहरू ध्यानपूर्वक पढ्नुहोस् अनि उत्तर दिनुहोस् ।

3 प्रश्न संख्या 1 देखि 11 सम्मका चार विकल्पमध्ये सर्वाधिक उपयुक्त उत्तर–पुस्तिकामा चिन्हित गर्नुहोस् ।

---

1 पहाडको बाटोमा एक्लै हिँड्न गाहरो पर्छ । किनभने 1

(A) धेरै पसिना र थकाइले हत्तु बनाएथ्थों ।

(B) समय बिताउन गाह्रो पर्‍यो ।

(C) दुई तीन दिनको लामो बाटो थियो ।

(D) उसलहि साह्रै दिग्दारी लागेको थियो ।

2 ब्रिटिशहरूले नागाभूमिमा राज्य विस्तार गर्ने उद्देश्यले प्रवेश गरे । 1

(A) सन् 1700 र सन् 1800 को मध्यकालमा

(B) सन् 1600 र सन् 1700 को मध्यकालमा

(C) सन् 1800 र सन् 1900 को मध्यकालमा

(D) सन् 1900 र सन् 2000 को मध्यकालमा

3 'मृगतृष्णा' कस्तो कथा हो ? 1

(A) सामाजिक कथा (B) मनोवैज्ञानिक कथा

(C) प्रगतिवादी कथा (D) दार्शनिक कथा

4 ‘छिः छिः छिः’ जाबो कुकुरको लागि यत्रो गन्थन’ – यो कसेल भनेको हो ? **1**

(A) सुखवीरको (B) प्रदीपको

(C) हरिबाजेको (D) कसैको पनि होइन

5 ‘पद्माले नानीहरूबाट धेरै कुरो चोरी’ – को अर्थ के हो ? **1**

(A) नानीहरूको धेरै धनमाल लुट्नु (B) नानीहरूको धेरै खिलौना चोर्नु

(C) नानीहरूको मनकों कुरा बुझलु (D) नानीहरूलाई स्नेह दर्शाउनु ।

6 कवि कस्तो मानवलाई मानव होइन मन्छन् ? **1**

(A) जसको पौरुष छैन, पौरख छैन । (B) जो अल्छे छ ।

(C) जो उवामहीन छ । (D) जो निर्दय छ ।

7 तेञ्जिङ नोर्गेले सगरमाथा कहिले विजय गरे ? **1**

(A) शुक्रवार, 29 मई, 1953 (B) सोमवार, 28 मई, 1952

(C) बुधवार, 15 मई, 1951 (D) विहिवार, 14 अगस्त, 1953

8 ‘मेरो एउटा नागाहुकी’ कसको कथा हो ? **1**

(A) नेपालीहरूको (B) चराका शिकारीहरूको कथा

(C) ब्रिटिशहरूको (D) नागाहरूको कथा

9 प्रत्यय भनेको के हो ? **1**

(A) शब्दको अघि जोडिने शब्दांश

(B) शब्दको पछि जोडिने शब्दांश

(C) शब्दको मध्यमा रहने शब्दांश

(D) शब्दको दुवैतिर जोडिने

10 'हुकी' भनेको के हो ? 1

(A) बाजे (B) साथी

(C) विदेशी (D) बागी

11 'नेपाली : सरकारी कामकाजका भाषा' कस्तो रचना हो ? 1

(A) निबन्ध (B) कथा

(C) कविता (D) नाटक

12 निम्नलिखित गद्यांश ध्यानसित पढ़ेर सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

गोर्खा शहरको उत्तरमा लिगलिगमा नामक गुरूङहरूको यौटा सानो राज्य थियो । लिगलिगमा एकप्रकारको गणतन्त्र शासन थियो । यो गणतन्त्रको नायक वर्षेनी छानिन्थ्यो । प्रजाहरूमा जो सबभन्दा बलियो प्रमाणित हुन्थ्यो उही एक वर्षका निम्ति नायक छानिन्थ्यो । यो वल परीक्षा य्त्तुर्ने होड़द्वारा हुन्थ्यो, जो सबैलाई उछिनेर ठेगानामा अघि पुग्थ्यो उही त्यो वर्षको नेता छानिन्थ्यो ।

षड्यन्त्रकारीहरूले सोझै गोर्खा नहानेर लिगलिग आफ्ना अधीन गराउने बन्दोवस्त थियो, किनभने गोर्खाका उत्तरको लिगलिग आफ्नो अधीन भएपछि गोर्खा माथि आक्रमण गर्न सजिलो हुन्थ्यो ।

एकवर्ष दशैंमा टीकाको दिन नायक छान्ने होड़का निम्ति मेला भएका गुरुङमाथि यो षड्यन्त्रकारी दलले एक्कासी आक्रमण गऱ्यो । अप्रस्तुत यिनीहरूलाई सहजै जिती लिगलिग आफ्नो अधीन गरायो । द्रव्यशाह लिगलिगका राजा भए ।

(i) लिगलिग कस्तो राज्य थियो ? 1

(A) गणतन्त्र (B) एकतन्त्र

(C) राजतन्त्र (D) बहुदलीय

(ii) यो कसको राज्य थियो ? 1

(A) गोर्खाहरूको (B) गुरूङहरूको

(C) मगरहरूको (D) सुनुवारहरूको

(iii) यो कहाँ स्थित थियो ? 2

(iv) यसका नेताको योग्यता कुन आधारमा जाँचिन्थ्यो ? 2

(v) नेता चुनिने पद्धति कस्तो थियो ? 2

(vi) षड्यन्त्रकारीहरूले किन सोझै गोर्खा आक्रमण नगरेर लिगलिग आक्रमण गरे ? 3

(vii) गुरूङहरूको पराजय पछि लिगलिगका को राजा भए ? 2

13 तल दिइएका पद्यांश राम्ररी पढ़ेर सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

प्रयासका पत्थरमा नदीसरि
बहन्छु हाँसी म तरङ्गले भरी
म पोखरी झैं उही ठांउ जम्दिनं
छ शुद्ध यो जीवनको सबै कण ।

(i) को प्रयासका पत्थरमा नदी सरि बहन्छ ? 1

(A) गरीब (B) विलासी

(C) परिश्रमी (D) श्रमिक

(ii) 'बहन्छु म हाँसी तरङ्गले भरी' भनेको के हो ? 1

(A) जीवन परिश्रमपूर्ण छ ।

(B) म अल्छे छैन ।

(C) परिश्रम गर्न दिक्क मान्दिनं ।

(D) काम नगरी बस्त सक्दिनं ।

(iii) 'म पोखरी झैं उही ठाँउ जम्दिनं' भन्ने भनाइको व्याख्या गर्नुहोस् । 2

(iv) 'शुद्ध छ यो जीवनको कण' भन्नाले कस्तो जीवन बुझाउँछ ? 1

14 'नासो' कथा कुन किसिमको कथा हो ? 1

15 'हुँदैन विहान मिरमिरे विहान तारा झरेर नगए' – भन्नुको तात्पर्य के हो ? 1

16 'जिँउदो विपना, बल्दो सपना
बीच ल्यूँझन्छ चियाबारी' भन्ने कविलाई किन लाग्छ ? 1

17 'कवि र कविता'को मूल भाव खुलस्त पार्नुहोस् । 5

18 'हरिबाजे'–को चरित्र चित्रण गर्नुहोस् । 5

19 'सन्धि' भन्नाले के बुझिन्छ ? 1

20 'सिपाही' कथाका कथाकार को हुन् ? 1

21 (क) निम्नलिखित कुनै दुई शब्दको सन्धि विच्छेद गर्नुहोस् : 2
परमार्थ, निश्छल, महोत्सव ।

(ख) तलका कुनै दुई शब्दको समास लेख्नुहोस् : 2
चौरस्ता, महाराज, बाघचाल ।

(ग) कुनै दुई शब्दका विपरीतार्थक शब्द लेख्नुहोस् : 2
सामान्य, उन्नति, वलवान् ।

22 निम्नलिखित कुनै दुई वाग्धारालाई अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस् : **2**

शीर ठाडो पार्नु, नाक थाप्नु, गला काट्नु ।

23 तलका कुनै दुई जोड़ी शब्दलाई भिन्न अर्थमा प्रयोग गरी वाक्य निर्माण गर्नुहोस्ः **4**

उपयुक्त–उपर्युक्त, आश्रय–आश्रम, क्रम–कर्म ।

24 तपाईंको शहरमा सम्पन्न भएको फुटबल प्रतियोगिताको रोमाञ्चक विवरण प्रस्तुत गर्नुहोस् । **5**

25 नारी शिक्षाको महत्व बुझाउदै एउटा अनुच्छेद लेख्नुहोस् । **5**

26 एउटा व्यावसायिक सङ्गठनमा 600 सदस्य छन् । त्यसमा 200 कपड़ा व्यापारी, 200 चामल व्यापारी, 50 स्टेशनेरी, 50 इलेक्ट्रोनिक गुड्सका व्यापारी, बाँकी फल व्यापारी छन् । यस सङ्गठनलाई पाई चार्टमा देखानुहोस् । **5**

27 विशेषण भनेको के हो ? यसका कति प्रकार छन् ? **5**

28 तलका कुनै एक लोकोक्तिको भाव विस्तार गर्नुहोस् : **5**

(क) पढ़ेर होइन परेर जानिन्छ ।

(ख) जस्तो बोट उस्तै फल ।

29 अर्ध विराम (;) र पूर्ण विराम (।) प्रयोग गरेर वाक्य निर्माण गर्नुहोस् । **2**

30 अध्ययन सामग्रीको अभावमा परीक्षामा हुने समस्या र त्यसको निराकरणबारे आफ्नो अनुभव बताँउदै साथीलाई पत्र लेख्नुहोस् । **7**

**अथवा**

फोहोर पानी निकासीको उचित प्रबन्ध नभएकोले भोग्न परेको समस्याप्रति सम्बन्धित अधिकारीको ध्यान आकृष्त गर्दै एउटा आवेदन तयार पार्नुहोस् ।

**31** तलका कुनै एक विषयमा **200** शब्दभित्र निबन्ध रचना गर्नुहोस् : **10**

(क) वेकारी समस्या ।

(ख) प्रजातन्त्रमा लोकमतको महत्व ।

(ग) युवा पींढ़ि र नैतिक मूल्य ।

(घ) तपाईंको प्रिय पुस्तक ।

---